नेपाल सरकार

## वन तथा भू-संरक्षण मन्त्रालय

## वन विभाग

# वन सम्बर्धन महाशाखा

बबरमहल, काठमाण्डौ

प.सं.: ०७३।०७४
च.नं : २९२
प्राप्त पत्र संख्या र मिति :

मिति :२०७४।०२।०४

बिषय : आवश्यक सहयोग गरिदिने बारे ।

श्री जिल्ला बन कार्यालय,
सबै ।

प्रस्तुत बिषयमा जनसंख्या तथा वातावरण मन्त्रालयको च.नं २०१२ मिति २०७४।२।०१ को प्राप्त पत्रानुसार यहि जुन ५.२०१७ तदनुसार जेष्ठ २२ गते बिश्व वातावरण दिवस मनाउने सम्बन्धमा उक्त मन्त्रालयका सचिव ज्यूको अध्यक्षतामा मिति २०७४।०१।०७ मा बसेको बैठकको निर्णयनुसार वातावरण दिबस मनाउने क्रममा बिद्यालय, बिश्व बिद्यालय हाता तथा सार्वजनिक स्थलमा वृक्षारोपण गर्ने कार्यक्रम रहेकोले स्थानिय स्तरमा वृक्षारोपण गर्नका लागि सो निकायहरुबाट बोट बिरुवा माग गर्न आएमा नि:शुल्क रुपमा उपलब्ध गराई सहयोग गरि दिने व्यवस्थाको लागि अनरोध छ । साथै प्राप्त निर्णयको छाँयाप्रति यसैसाथ संलग्न छ ।

...................

(लक्ष्मण गौतम)
उप-सचिव(प्रा)

छलफल तथा निर्णय

१. नेपालमा विश्व वातावरण दिवस आगामी जेष्ठ २२, २०७४ (तदनुसार ५ जुन २०१७) का दिन भव्य रुपमा मनाउन जनसंख्या तथा वातावरण मन्त्रालयले तयार गरी पेश गरेको कार्यक्रम माथि छलफल गरियो ।

२. नेपालको जैवीक विविधता र विशिष्ठतालाई संरक्षण तथा संवर्द्धन गरी नेपालमा स्वच्छ वातावरण प्रवर्द्धन गर्नमा योगदान पुऱ्याउन वर्ष भर सवै दिन वातावरण संरक्षण र संवर्द्धनका लागि लागिपर्न विद्यालयले स्थानीयस्तरमा नेतृत्वदायी भूमिका निर्वाह गर्नै पर्ने महशुस गरी गत वर्ष २०७३ जेष्ठमा वातावरण दिवस मूल समारोह समितिको निर्णयानुसार प्रत्येक महिनाको तोकिएको कुनै एक दिन वातावरण संरक्षण तथा सम्वर्द्धनकालागि चेतना तथा उत्प्रेरणा जागृत गर्ने उद्देश्य सहित विद्यालयस्तरीय हाजिरिजवाफ, वक्तृत्वकला, ऱ्याली, अन्तरक्रिया लगायतका विविध कार्यक्रम गर्न गराउन शिक्षा मन्त्रालय मार्फत सवै जिल्ला शिक्षा कार्यालयहरूलाई अनुरोध गरिएको थियो । यसमा शिक्षा मन्त्रालयको सहयोग तथा जिल्ला शिक्षा कार्यालयको सक्रियताको लागि यस मूल समारोह समिति उच्च मूल्यांकन सहित धन्यवाद दिँदै उक्त कार्यलाई अझ बढी सक्रियताका साथ निरन्तरता दिन शिक्षा मन्त्रालयलाई जनसंख्या तथा वातावरण मन्त्रालयले अनुरोध गर्ने ।

३. संयुक्त राष्ट्र संघ वातावरण कार्यक्रम (United Nations Environment Programme) ले यस वर्ष विश्व वातावरण दिवस जुन ५ को नारा I am With Nature निर्धारण गरी Connecting People to Nature-in the city and on the land, from the poles to the equator का लागि think about how we are part of nature and how intimately we depend on it भनि आव्हान गरेको तथ्यलाई विचार गरी नेपालीमा यस बर्षको नारा निम्नानुसार कायम गरी जनसंख्या तथा वातावरण मन्त्रालयको वेब सइटमा राख्ने ।

**"प्रकृतिसँग हाम्रो सम्वन्ध; रहिरहोस् अनन्त ।"**

४. जेष्ठ १३ गते शनिवार बिहान विद्यार्थी, कर्मचारी, विभिन्न संघ संस्था, तथा Development Partner को सहभागितामा शिवपुरी पानी मुहानवाट शुरु गरि शिवपुरी राष्ट्रिय निकुन्ज भित्र Nature Walk गर्ने, Nature Walk को क्रममा सरसफाई समेत गर्दै जाने व्यवस्थाका लागि जनसंख्या तथा वातावरण मन्त्रालयले राष्ट्रिय प्रकृति संरक्षण कोषसंग समन्वय गरि आवश्यक व्यवस्था मिलाउने ।

५. जेष्ठ १९ गते सवै सरकारी तथा गैरसरकारी कार्यालयहरु, विद्यालय, विश्वविद्यालय तथा शैक्षिक संस्थाहरुमा आआफ्नो कार्यालय तथा परिसर सरसफाई गर्न गराउन सवै मन्त्रालयलाई जनसंख्या तथा वातावरण मन्त्रालयले अनुरोध गर्ने,

६. जेष्ठ २० गते बिहान त्रिपुरेश्वरबाट रत्नपार्क, जमल, कमलपोखरी, ज्ञानेश्वर, रातोपुल हुदै पशुपतिसम्म साईकल ऱ्याली गर्ने र सोही टोलीले वाग्मती सफाई महाअभियानसंग समन्वय गरी वाग्मती सरसफाई गर्ने । साईकल ऱ्यालीमा विभिन्न पक्षको व्यापक सहभागिता गराई सफल

बनाउन जनसंख्या तथा वातावरण मन्त्रालयले ट्राफिक प्रहरी, साइकल अभियन्ता र अन्य सम्वद्ध पक्षसंग बैठक समन्वय र सहकार्य गर्ने ।

७. जेष्ठ २१ गते **Connecting People to Nature** (विश्व वातावरण दिवसको बिषयबस्तु) सम्वद्ध बिषयमा पाटन क्याम्पसमा Talk Programme राख्ने । सो कार्यक्रममा उत्कृष्ट विद्यार्थीहरुलाई पुरस्कारको व्यवस्था जनसंख्या तथा वातावरण मन्त्रालयले गर्ने ।

८. जेष्ठ २२ गते बिहान Friends Of Zoo समेतको सहभागितामा जनसंख्या तथा वातावरण मन्त्रालयले प्रभातफेरी कार्यक्रम शुभारम्भ गर्ने र राष्ट्रिय सभागृहमा मूल समारोह समितिको कार्यक्रम गर्ने ।

९. वातावरण दिवस मनाउने क्रममा विद्यालय हाता तथा सार्वजनिक स्थलमा गरिने वृक्षारोपणका लागि विद्यालयबाट विरूवा माग भई आएमा नि:शुल्क उपलव्ध गराई दिन र स्थानीय स्तरमा वृक्षारोपण गर्न सार्वजनिक स्थल उपलव्ध गराई दिन सवै नगरपालिका तथा जिल्ला समन्वय समितिलाई आवश्यक निर्देशन दिन क्रमश: वन तथा भूसंरक्षण मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र गृह मन्त्रालयलाई जनसंख्या तथा वातावरण मन्त्रालयले अनुरोध गर्ने ।